# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ पौष १७ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | देवदह नगरपालिका भएर बग्ने खोलाहरुको विभिन्न घाट क्षेत्रमा थुप्रिएको नदीजन्य पदार्थको दिगो तथा वातावरणमैत्री रुपले उत्खनन् तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने । | |
| २ | श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौको सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा प्राप्त परिपत्रमा "सामाजिक सुरक्षा ऐन, २०७५ तथा सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ मा भएको व्यवस्था तथा प्रचलित ऐन कानून विपरित कतिपय स्थानीय तहहरुले बार्षिक रुपमा बजेटको व्यवस्था गरी "ग" वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रुपमा उपलब्ध गराउदै आएको अपाङ्गता भत्ता वितरण नगर्नु/ नगराउनु" भन्ने लेखि आएको हुँदा सोही बमोजिम कार्यान्वयनका लागि सूचना प्रकाशन गर्ने । | |
| ३ | कार्यालयको परिसर र जमीन सुरक्षित राख्नको लागि कम्पाउण्ड निर्माण गर्ने । कम्पाउण्ड निर्माणका लागि आवश्यक पर्ने रकमको लागि कार्यालयको लिफ्ट शिर्षक परिवर्तन गरी कार्यालय परिसरमा कम्पाउण्ड वाल राख्न नगर सभामा पेश गर्ने र लागत अनुमान लगायतका कार्य तत्कालै सुरु गर्ने । | |
| ४ | देवदह नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ र कार्यविभाजन नियमावली २०७४ लगायतका अन्य ऐन, नियम, कार्यविधि, मापदण्डहरु संघीय कानून र प्रदेश कानून बमोजिम केहि समयसापेक्ष परिमार्जन र अद्यावद्यिक गर्नका लागि कानून शाखा प्रमुख अधिकृतस्तर छैठौं श्री विष्णु प्रसाद बस्याल, नगरपालिकाका कानूनी सल्लाहकार डासीराम पाण्डे र कानुन शाखामा कार्यरत सहायक पाँचौं तिर्थराज खनालले आवश्यक गृहकार्य गरी नगरकार्यपालिकामा पेश गर्ने । साथै संचार नीति र युवा नीतिको अध्ययन तथा खाका तयार गर्न समेत जिम्मा दिने । | |
| ५ | मिति २०८१/९/२९ गते देवदह नगरपालिका वडा नं. १२ मा एकिकृत घुम्ति सेवा संचालन गर्ने । | |
| ६ | देवदह नगरपालिकाको १५ औं नगरसभाको हिउँदे अधिवेशन मिति २०८१/०९/२६ गते शुक्रबार अपरान्ह ११:०० बजे नगरपालिका सभाहलमा बस्ने गरी आव्हान गर्ने । | |
| ७ | यस नगरपालिकामा शहरी उत्थानशिलता तथा जीवन यापन सुधार आयोजना (URLIP) अन्तर्गत निर्माण हुने बाटोहरुमा पर्ने संरचनाहरुको क्षतिपुर्ति सम्बन्धि उठेका विवादहरु नगरपालिकाले व्यवस्थापन गर्ने गरि निर्माण कार्य अगाडी बढाउने। | |
| ८ | मिति २०८१।१०।३ गतेबाट ५ गतेसम्म केरवानी माध्यामिक विद्यालय, देवदह-५ मा संचालन हुने राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता खेलकुद कार्यक्रम तर्फ विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा खेल उत्सव शिर्षकमा नगरपालिकाबाट विनियोजित बजेट रु. ९,००,०००/- भित्र रही कार्यान्वयन गर्ने । | |

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| ९ | सिक्टहन पेट्रोल पम्प देखि मल्लाही टोल हुँदै सुकई हरिजनको घरदेखि मल्लही टोल ढोलबजवासम्म नाली सहित कालोपत्रे आयोजनाको म्याद २०८२ अषाढ मसान्तसम्म थप गर्ने । | |
| १० | देवदह नगरपालिकाबाट आ.व. २०८०/०८१ मा ठेक्का मार्फत संचालनमा रहेका तपसिलका योजनाहरु कार्यालयको सुविस्ताका आधारमा योजना अन्त्य गर्ने ।<br>• विर्ता चोदेखि वडा नं. १२ को सिमानादेखि वडा नं. १ - पेटवानिया देखि पूर्व राजाबारी जाने बाटो कालोपत्रे वडा नं. २<br>• ६ नं डाँडा टोल बोटो पीच र निर्मलको घर लाइन बाटो पिच पाल्पाली टोल ।<br>• देवदह-६ अन्तर्गत आधिखोला मार्ग कालोपत्रे<br>• देवदह नगरकार्यपालिकाको कार्यालय तला थप एवं कार्यालय परिसरमा कम्पाउण्ड वाल निर्माण | |
| ११ | कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीलाई कार्यालयको बैठक कक्ष निर्माणको लागि आर्थिक सहयोग उपलब्ध गराउने । | |
| १२ | देवदह नगरपालिका वडा नं. ५ निवासी मोहनी लाल न्यौपानेलाई रु. ३० हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| १३ | देवदह नगरपालिका वडा नं. ११ मा थारु जातीहरुको महान पर्व नयाँ वर्ष खिचडी महोत्सव पर्व मनाउनका लागि रु. २० हजार बजेट उपलब्ध गराउने । | |
| १४ | चालु आ.व. ०८१/०८२ का लागि सामाजिक विकास तर्फ उपप्रमुखसँग महिला कार्यक्रममा विनियोजित बजेट रु. २५ लाखलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी बजेट बाँडफाँड गर्ने । | |
| १५ | नगर प्रमुख सम्बोधित, उपप्रमुख सम्बोधित कार्यक्रम र मर्मत सम्भार कोषबाट हालसम्म कार्यान्वयन भएका योजनाहरु नगरसभामा पेश गर्ने । | |
| १६ | यस कार्यालयमा सब-इन्जिनियर सुमन थापाको ममतामयी माता श्रीमती सरिता थापाको ६२ वर्षको उमेरमा भएको असमायमिक निधनको शोकको घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त । | |